# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश ,हेटौडा

प.सं.२०८३।०८४ मकवानपुर नेपाल

च.नं. मिति २०८३।०४।०५

**सूचना नं.१२**

**विषयः- मौजुदा सूचीमा दर्ता गर्ने सम्बन्धी सूचना।**

यस प्रदेश लोक सेवा आयोग बागमती प्रदेश हेटौडाको लागी आ.ब.२०८३।०८४ मा आवश्यक पर्ने तपसील बमोजिमका बिभिन्न सामान तथा सेवाहरु आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त ब्यक्ति,फर्म,कम्पनी/संस्थाहरुबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क)तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची (STANDING LIST) तयार गर्नुपर्ने भएको हुँदा तपसीलमा उल्लेखित कागजातहरु संलग्न राखि सोही नियमावलीको अनुसूची २(क) बमोजिमको ढाँचामा निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कार्य तथा सेवाहरुको विवरण**

१.मसलन्द तथा कार्यालय सामान आपूर्ति सम्वन्धी कार्य,

२.कम्प्युटर,प्रिन्टर,ल्यापटप,फोटोकपी लगायतका विघुतिय सामान र पाटपूर्जा आपूर्ति तथा मर्मत सम्वन्धी कार्य,

३.फर्निचर तथा फर्निसिङ आपूर्ति र मर्मत सम्वन्धी कार्य,

४.छपाई,सूचना प्रकाशन,प्रसारण, पत्रपत्रिका आपूर्ति,कुरियर सेवा तथा विज्ञापन सम्वन्धी कार्य,

५.मोटरसाईकल तथा स्कूटर आपूर्ति कार्य,

६.सवारीसाधन मर्मत तथा पाटपूर्जा आपूर्ति सम्वन्धी कार्य,

७.धारा विजुली, प्लम्विङ सम्वन्धी सामान आपूर्ति र मर्मत सम्बन्धी कार्य,

८.मेशिनरी औजार, उपकरण तथा सरसामान आपूर्ति सम्वन्धी कार्य,

९.भवन निर्माण, पूर्वाधार संरचना निर्माण,रङ्गरोगन,पार्टेशन तथा मर्मत सम्वन्धी कार्य,

१०.खाजा,पानी तथा खाद्य सामाग्री आपूर्ति सम्वन्धी कार्य,

११.कम्प्युटर नेटवर्क,ईन्टरनेट सेवा/सफ्टवेयर मर्मत तथा परामर्श सम्वन्धी सेवा,

१२.पत्रपत्रिका आपूर्ति सम्वन्धी सेवा,

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

क) संस्था वा फर्म दर्ता र नविकरण भएको ईजाजतपत्रको प्रतिलिपी,

ख) स्थायी लेखा नम्वर/ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी,

ग) आर्थिक वर्ष २०८२।०८३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी वा २०८१।०८२ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी र म्याद थपको पत्र,

घ) व्यवसायिक ईजाजतपत्रको प्रतिलिपी,

ङ) प्रचलित कानून बमोजिम अयोग्य भएको वा कालोसूचीमा नपरेको ब्यहोरा खुलाईएको स्वयं घोषणापत्रको निवेदन,

द्रष्टब्य- माथी उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको लागी छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ।रित नपुगी आएका निवेदनलाई मान्यता दिईनेछैन।प्राप्त निवेदनहरु मौजुदा सुचीमा दर्ता गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा रहनेछ।

हेमराज ढुंगाना
लेखा अधिकृत

कार्यालय कोड नं.२१०००३२०१३

टेलिफोन नं.०५७-५९०६१३/६१४/६१५ Email-ppsc@bagamati.gov.np/Website-ppsc.bagamati.gov.np

Scanned with CamScanner